# तामसालीङ-नेपाल राष्ट्रिय दल,
# (Tamsaling-Nepal National Party)
## को
# स्थापना घोषणापत्र २०६४

आदरणीय नेपाली दाजुभाई एवं दिदीबहिनीहरू,
र नयाँ नेपालको निर्माणमा लागेका समस्त संघर्षरत मित्रहरू,

आज देश संविधानसभाको माध्यमद्धारा नयाँ ढाँचाको राज्यसत्ताको निर्माणको प्रक्रियामा छ । त्यो प्रक्रियामा देशका सबै जातजाति, भाषाभाषी, वर्ग, लिंग एवं क्षेत्रका जनताको सहभागीता अनिवार्य शर्त हो र सो प्रक्रियामा सामेल हुन आज समयले देशका सबै अग्रगामी शक्तिहरू खास गरेर उत्पीडित जाति, वर्ग, लिंग एवं क्षेत्रका जनतालाई मोर्चाबन्दीकासाथ लाग्न प्रेरित गरिरहेछ । हामी त्यसरी नलाग्ने हो भने लामोसमयदेखिको सामन्तीसत्ताको ठाउँमा नयाँ ढाँचाको नयाँ नेपाल बन्नसक्दैन ।

यस घडीमा, सो प्रक्रियामा राजनैतिक आन्दोलनसहित सहभागी हुने र ताम्सालीङ निर्माणको संघर्षलाई घनिभूत गर्ने उदेश्यकासाथ ताम्सालीङ–नेपालका जनताको अग्रगामी साझा राजनैतिक दलको रूपमा "ताम्सालीङ–नेपाल राष्ट्रिय दल, नेपाल" को स्थापना भएको कुरा सर्वप्रथम, हामी सगौरव घोषणा गर्दछौं ।

आजको नेपाली राज्यसत्ताको स्वरूप एकल जातीय, सामन्ती र केन्द्रीकृत प्रकारको छ । यो नेपाली समाज र राज्यको विकासका लागि बाधक छ, अन्यायपूर्ण छ र विभेदकारी छ । विगत झण्डै अढाइसय वर्षदेखि चल्दै आएको उल्टो रूपमा खडा भएको राज्यसत्तालाई खुट्टाले टेकाएर उभ्याउन जरूरी भएको छ । यसका लागि नयाँ ताम्सालीङ–नेपालको सिर्जनामा लाग्नेहरूले आ–आफ्नो क्षेत्रबाट राजनैतिक रूपमा संगठीत हुन र जनतालाई नयाँ नेपालको निर्माणको अभियानमा जुटाउन आवस्यक भएको छ । यसै अर्थमा, ताम्सालीङ–नेपालका उत्पीडित जाति र वर्गमा आएको सामाजिक चेतनालाई राजनैतिक चेतनामा बदल्दै र त्यसलाई शक्तिमा रूपान्तरण गर्दै "आफ्नो शासन आफै गर्ने र आफ्नो समाज आफै बनाउने" जातीय मुक्ति एवं स्वायत्त राज्यसंरचनाको निर्माणको बाटो हिंड्न जरूरी हुन गएको छ ।

ठीक यही सन्दर्भमा नेपालको संघीय गणतन्त्र निर्माणमा देशभरीका लाखौंलाख ताम्सालीङ र सो क्षेत्रका अन्य विभिन्न वर्ग, जाति, धर्म सम्प्रदाय तथा भाषाभाषीहरूको प्रतिनिधित्व र नेतृत्व गर्दै जाति, भाषा एवं क्षेत्रीय संघीय राज्यको निर्माणमा सहयोग पुऱ्याउँदै तामाङ बाहुल्य क्षेत्रमा "ताम्सालीङ स्वायत्त प्रदेश" को निर्माण गर्ने र देशका विभिन्न भागमा तदनुरूपका स्थानीय स्वायत्त इलाका एवं ताम्सालीङ–नेपालको निर्माण गर्ने अभियानमा सामेल हुने उदेश्यकासाथ "ताम्सालीङ–नेपाल राष्ट्रिय दल" को स्थापना गरिएको हो । यसको मुख्य उदेश्य "ताम्सालीङ–नेपाल" स्वायत्त राज्यको स्थापना गर्नु, लोकतान्त्रिक गणतन्त्रको आधारमा राज्यसन्चालन गर्नु तथा ताम्सालीङ–नेपालका जनताको अधिकार स्थापना गर्ने लडाइँमा अग्रपंक्तिमा उभिएर नेतृत्व प्रदान गर्नु हुनेछ ।

नेपाल राज्यको सार्वभौम अखण्डतालाई अक्षुण राख्दै मिश्रित अर्थतन्त्रको बाटो भएर समाजवादी समाजको निर्माण गर्नु र कृषि, पर्यटन र उद्योगले एक समद्ध सबै जातजाति, जनजाति, दलित आदि जनताको साझा ताम्सालीङ–नेपाल बनाउनु यसको अर्को सर्वोपरी लक्ष हो ।

यो दल मुलतः पाँच आधारभूत मान्यता एवं सैद्धान्तिक धरातलमा खडा भएको कुरा हामी प्रष्ट पार्न चाहान्छौं :

क, सामन्तवाद तथा साम्राज्यवाद विरोधी देशभक्त एवं लोकतान्त्रिक गणतन्त्रवादी शक्तिहरू,

ख, जातिहरूको आत्मनिर्णयको अधिकारसहित जाति, भाषा र क्षेत्रका आधारमा स्वायत्तसासनको व्यवस्थालाई अंगिकार गर्नेहरू,

ङ, जातीय एवं वर्गीय आन्दोलनलाई एकाकार गर्दै राष्ट्रिय मुक्ति आन्दोलनलाई घनिभूत गर्नुपर्छ भन्ने शक्तिहरू,

सबै जनताको साझा "नयाँ ताम्सालीङ–नेपाल" निर्माणको लडाईमा खास गरेर उत्पीडित वर्ग, क्षेत्र र जातिहरूको स्वायत्त सत्ता निर्माणको संघर्षमा लागिपरेका सबै सामन्तवाद तथा साम्राज्यवाद विरोधी शक्तिहरू र संघीय लोकतान्त्रिक गणतन्त्रका पक्षधर शक्तिहरूसंग हाम्रो सहकार्य, कार्यगत एकता एवं भाइचारा सम्बन्ध कायम हुनसक्दछ र हुनेछ । यस दिशामा सबै खाले राजनैतिक एवं सामाजिक शक्तिहरूलाई पनि आपसी सहयोग र भातृत्वपूर्ण सम्बन्धका लागि हात बढाउन र सहकार्य गर्न हाम्रो दल तयार रहेको कुरा यसै घोषणासाथ हामी सबैमा जानकारी गराउँदछौं ।

यस्तो राजनैतिक दलको मूल ध्यय, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक व्यवस्थालाई अवलंवन गर्दै "स्वायत्तताभित्र स्वायत्तता" को नीति अन्तर्गत "समानुपातिक प्रतिनिधित्व र आरक्षण" द्धारा राज्यको निर्माणमा अल्पसंख्यक र पिछडिएका समुदाय समेतलाई सहभागी गराउने मूल मान्यताकासाथ मुलुकको सिंगै उत्पीडित वर्ग, जाति, धर्म सम्प्रदाय तथा भाषाभाषीहरूको सबैखाले उत्पीडनबाट मुक्ति अर्थात् न्यायपूर्ण, शोषणरहित, समतामुलक कृषि, उद्योग र पर्यटनले सम्बृद्ध एक समाजवादी समाजमा पुग्ने हुनेछ ।

अतः हामी यस अभियानमा ताम्सालीङ–नेपालका समस्त उत्पीडित जाति, क्षेत्र, वर्ग, लिंग एवं समुदायहरूको साथ र सहयोगको अपेक्षा गर्दछौं ।

ताम्सालीङ–नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र – जिन्दावाद ॥

..........................

परशुराम तामाङ,
केन्द्रीय अध्यक्ष,
ताम्सालीङ–नेपाल राष्ट्रिय दल, केन्द्रीय कार्यालय, पुतली सडक ।